# प्रेस विज्ञप्ति

## नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) को संक्षिप्त नतिजा

१. नेपाल जीवनस्तर सर्वेक्षण (पहिलो वि.स. २०५२/५३, दोस्रो २०६०/६१ र तेस्रो २०६६/६७) विश्व बैङ्कले प्रतिपादन गरेको जीवनस्तर मापन सर्वेक्षण (Living Standards Measurement Survey) को ढाँचा र विधि अनुसार सञ्चालन गरिएको थियो । यस पटकको गरिबी मापनमा पनि अन्तर्राष्ट्रियस्तरमा उपयोगमा ल्याइएको अद्यावधिक विधि (Updated methodology) र प्रचलनमा रहेको असल अभ्यासलाई अवलम्बन गरिएको छ । नेपाल जीवनस्तर सर्वेक्षण चौथोका नतिजाहरूको तुलनात्मक अध्ययनबाट पहिलो र यस सर्वेक्षण बीचको करिब २७ वर्षको अन्तरालमा नेपालीहरूको जीवनस्तरमा आएको परिवर्तनको मापन गर्न सहयोग पुगेको छ। यस्ता सर्वेक्षणबाट प्राप्त नतिजाहरूले सरकारद्वारा अवलम्बन गरेका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनबाट जीवनस्तरमा परेको प्रभावको बारेमा अनुगमन तथा मूल्याङ्कन गर्नुका साथै दिगो विकासका लक्ष्यहरूको मापनका लागि समेत बस्तुगत आधार प्रदान गर्दछ।

२. सर्वेक्षणमा देशभरको प्रतिनिधित्व हुने गरी ९,६०० घरपरिवार (Household) छनोट गरिएको छ। यस सर्वेक्षणमा उपभोग प्रवृत्ति एवं मौसमी प्रभावका कारणले हुने भिन्नतालाई समेत समेट्ने उद्देश्यले २०७९ असार देखि २०८० जेठ महिनासम्मको अवधिमा घरपरिवारको उपभोग, आम्दानी, सेवा सुविधामा पहुँच, आवास तथा आवासीय सुविधाको उपयोग, शिक्षा, स्वास्थ्य, रोजगारी, वचत तथा ऋण, विप्रेषण, जग्गाको स्वामित्व र उपयोग जस्ता धेरै विषयमा तथ्याङ्क सङ्कलन गरिएको थियो। सबै प्रदेशको शहरी र ग्रामीण क्षेत्र तथा काठमाडौँ उपत्यका शहरी क्षेत्र गरी १५ वटा विश्लेषणात्मक क्षेत्र अनुसार नतिजा तयार पारिएको छ। यस सर्वेक्षणमा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई शहरी क्षेत्र र गाउँपालिकालाई ग्रामीण क्षेत्र मानिएको छ।

३. तेस्रोदेखि चौथो सर्वेक्षणसम्मको अन्तरालमा उपभोक्ता मूल्य सूचकांकको आधारमा समायोजन गरिएको प्रतिव्यक्ति औसत वार्षिक उपभोग खर्च १२ वर्षको अन्तरालमा ६६ प्रतिशतले बृद्दि भएको देखिन्छ। हालको मूल्यमा तुलना गर्दा वि.सं. २०६६/६७ मा औसत प्रतिव्यक्ति उपभोग खर्च ७५,९०२ रुपैयाँ रहेकोमा हाल १,२६,१७२ रुपैयाँ पुगेको देखिन्छ।

४. तेस्रो देखि चौथो सर्वेक्षण सम्मको अवधिमा जम्मा उपभोग खर्चमा गैरखाद्य खर्चको अंश ३८ प्रतिशतबाट बृद्दि भई ४७ प्रतिशत पुगेको देखिन्छ।

५. यस सर्वेक्षणबाट प्राप्त जनसांख्यिक विवरण अनुसार प्रतिव्यक्ति प्रतिदिन २२३६ किलोक्यालोरी आवश्यक पर्ने देखिएको छ।

६. खाद्य डालोको छनोट (Choice of Food Basket): दुईवटा सर्वेक्षणबीचको अवधि लामो भएको र घरपरिवारको उपभोग प्रवृत्तिमा व्यापक परिवर्तन आएकोले तेस्रो सर्वेक्षण २०६६/६७ मा भएका ४० ओटा खाद्यवस्तुहरु र

घरपरिवारमा उपभोग गरिएका खाद्यवस्तुमध्ये क्यालोरीमा मापन गर्न सकिने ३७ ओटा थप गरी ७७ ओटा खाद्यवस्तु समावेश भएको डालो निर्माण गरिएको छ।

७. गरिबी विश्लेषणको एक महत्वपूर्ण पक्ष विगतका गरिबीका दरहरुसँग तुलनायोग्य हुने गरी विश्लेषण गर्नु हो। यसबाट गरिबी न्यूनीकरणका कार्यक्रमहरुको प्रभावकारिता प्रत्यक्षरूपले मूल्यांकन गर्न सकिने हुन्छ । सामान्यतया, यसप्रकारको तुलनायोग्य विश्लेषण गर्दा अपनाइने आधारभूत मान्यता सापेक्षिक गरिबले प्रयोग गर्ने खाद्य डालोमा परिवर्तन भएको छैन भन्ने मान्यता राखिएको हुन्छ। अर्थात् एउटै डालोलाई विभिन्न समयको बजारका आधारमा डालोको मूल्यांकन गरी परिवारको शुरुको अवस्थामा परिवर्तन आए नआएको हेर्न सकिन्छ। तर तेस्रो जीवनस्तर सर्वेक्षणदेखि हालसम्मको १२ वर्षको अवधिमा घरपरिवारले प्रयोग गर्ने आधारभूत खाद्य डालोको संरचनामा उल्लेखनीय रूपले परिवर्तन भएको पाइएको छ। यी दुई सर्वेक्षण अवधिमा सापेक्षिक गरिब समूहले प्रयोग गर्ने खाद्य डालोमा पर्ने वस्तुहरुको भार संरचना, प्राप्त क्यालोरी तथा खाद्य खर्चको हिस्सामा ब्यापक परिवर्तन भएको पाइएको छ। उक्त खाद्य डालोमा खास गरेर ताजा तथा सुख्खा फलफुल, माछामासु जस्ता खाद्यवस्तुको उपभोगमा बृद्धि भएको देखिन्छ। त्यसैगरी उक्त समूहको गैरखाद्य वस्तुहरुको खर्च संरचनामा समेत ब्यापक परिवर्तन भएको देखिन्छ।

८. नेपाल जीवस्तर सर्वेक्षण तेस्रोमा कायम भएको गरिबीको रेखा प्रतिव्यक्ति प्रतिवर्ष १९,२६१ रुपैयाँलाई हालको मूल्यमा रुपान्तरण गर्दा ४२,८४५ रुपैयाँ हुने देखिन्छ।

९. विश्लेषणात्मक क्षेत्रअनुसार औसत प्रतिव्यक्ति वार्षिक उपभोग खर्च (प्रचलित मूल्यमा) सबैभन्दा बढी काठमाडौँ उपत्यका शहरी क्षेत्र मा २ लाख ६३ हजार ३ सय १८ रुपैयाँ रहेको छ भने सबैभन्दा कम मधेश प्रदेशको ग्रामीण क्षेत्रमा ७१ हजार ८ सय २८ रुपैयाँ रहेको छ। नेपालको औसत प्रतिव्यक्ति प्रति वर्ष उपभोग खर्च १ लाख ३० हजार ८ सय ५३ रुपैयाँ रहेको छ भने कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको शहरी क्षेत्रमा प्रतिव्यक्ति प्रति वर्ष उपभोग खर्च राष्ट्रिय औसत खर्चभन्दा बढी रहेको पाईएको छ।

१०. धेरै प्रतिव्यक्ति वार्षिक उपभोगमा खर्च गर्नेहरूको जम्मा उपभोग खर्चको अंशमा खाद्य खर्चको मात्रा थोरै रहेको देखिन्छ। उपभोग खर्चका आधारमा जम्मा जनसंख्यालाई ५ ओटा समूहमा विभाजन गरी वनाईने समूहलाई पञ्चमक (Quintile) भनिन्छ। १५ वटा विश्लेषणात्मक क्षेत्रमा प्रतिव्यक्ति प्रतिवर्ष उपभोगमा खर्चको अनुपातमा खाद्य उपभोग खर्चको अवस्था हेर्दा, तुलनात्मक रुपमा सबैभन्दा गरिब २० प्रतिशत जनसंख्या (First Quintile) को, काठमाडौं उपत्यका शहरी क्षेत्र (५० प्रतिशत ) बाहेक, सबै क्षेत्रमा जम्मा खर्चको कम्तीमा ५७ प्रतिशत अंश खाद्य खर्चमा भएको पाईन्छ। सबै ग्रामीण क्षेत्रहरूमा, सबैभन्दा धनी २० प्रतिशत जनसंख्या (Fifth Quintile) मा जम्मा उपभोग खर्चमध्ये खाद्य खर्चको औसत हिस्सा कुल उपभोग खर्चको ५० प्रतिशतभन्दा बढी रहेको देखिन्छ। खाद्य वस्तुहरूमा खर्च गर्ने औसत हिस्सा काठमाडौं उपत्यका शहरी क्षेत्रका शीर्ष पञ्चमकमा २८ प्रतिशत मात्रै रहेको छ।

११. यस सर्वेक्षणबाट खाद्य गरिबीको रेखा ३५,०२९ र गैरखाद्य गरिबीको रेखा ३७,८७९ गरी गरिबीको रेखा रु ७२,९०८ कायम हुन आएको देखिन्छ। वि.स. २०७२ सालमा आएको महाभूकम्प र कोरोना महामारी जस्ता कारणहरुबाट अपेक्षित रुपमा गरिबीको दर घट्न सकेको देखिदैन। नयाँ गरिबीको रेखा अनुसार २०.२७ प्रतिशत जनसंख्या गरिबी रेखामुनि रहेको देखिन्छ। गरिबीको दर शहरी क्षेत्रमा (१८.३४ प्रतिशत) भन्दा ग्रामीण क्षेत्रमा (२४.६६ प्रतिशत) बढी रहेको देखिन्छ। यस सर्वेक्षणमा गरिबीको रेखा अद्यावधिक गरिएको कारणले अघिल्ला सर्वेक्षणहरुसँग प्रत्यक्षरुपमा तुलना गर्न सकिँदैन।

१२. यस सर्वेक्षणबाट पहिलो पटक प्रदेश तहमा गरिबीको दर प्रकाशन गरिएको छ। सात प्रदेश र १५ वटा विश्लेषणात्मक क्षेत्रहरूमा गरिबीको दरमा उल्लेख्य मात्रामा भिन्नता रहेको देखिन्छ। सात प्रदेश मध्ये मधेश, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा गरिबी दर राष्ट्रिय गरिबीको दर भन्दा बढी देखिएको छ। राष्ट्रियस्तर भन्दा बढी गरिबीको दर देखिएका प्रदेशहरुमा सुदूरपश्चिम प्रदेशमा(३४.१६ प्रतिशत), कर्णाली प्रदेशमा (२६.६९ प्रतिशत), लुम्बिनी प्रदेशमा (२४.३५ प्रतिशत) र मधेश प्रदेशमा (२२.५३ प्रतिशत) पर्दछन। गण्डकी, बागमती र कोशी प्रदेशमा गरिबी दर क्रमशः ११.८८, १२.५९ र १७.१९ प्रतिशत रहेको छ जुन राष्ट्रिय गरिबीको दरभन्दा कम रहेको देखिन्छ।

१३. विश्लेषणात्मक क्षेत्र र पञ्चमक (Quintile) अनुसार औसत प्रतिव्यक्ति प्रतिवर्ष उपभोगमा भएको खर्चलाई आधार मानेर हेर्दा सबैभन्दा गरीब २० प्रतिशत (पहिलो पञ्चमक) बाट सबैभन्दा धनी २० प्रतिशत (पाँचौं पञ्चमक) सम्म वर्गीकरण गरिएको छ। यसरी पहिलो २० प्रतिशत गरीबको र सबैभन्दा धनी २० प्रतिशतको अनुपात हेर्दा बागमती प्रदेशमा सबैभन्दा बढी करिव ५ गुणा अन्तर रहेको देखिन्छ भने सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा करिव ३ गुणा अन्तर रहेको देखिन्छ।

१४. गरिबीको विशेषता अध्ययन गर्दा गरिबीको विषमता (Poverty Gap) समेतको अध्ययन गर्नुपर्दछ। गरिबीको विषमता सूचकले गरिबीको रेखाबाट कति टाढा रहेका छन् भन्ने जानकारी गराउँदछ। नेपालको गरिबीको विषमता सूचक ४.५२ प्रतिशत रहेको देखिन्छ। नेपालको ग्रामीण क्षेत्रमा गरिबीको विषमता सूचक ५.६४ र शहरी क्षेत्रमा ४.०३ प्रतिशत रहेको देखिन्छ। गरिबीको विषमता सूचक शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा केहि बढी रहेको देखिन्छ।

१५. गिनी सूचकांकलाई असमानता मापनको लागि प्रयोग गर्ने गरिन्छ। यो सूचकले भौगोलिक र मौसमी प्रभावलाई समायोजन गरिएको प्रतिव्यक्ति उपभोग खर्चमा दुई घरपरिवारबीच भएको अन्तरलाई देखाउँछ। यस सर्वेक्षणमा गिनी सूचकांक ०.३० रहेको छ भने ग्रामीण र शहरी क्षेत्रको मान ०.२८७ र ०.३०३ रहेको देखिन्छ। यसले उपभोगमा ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रको असमानता धेरै भएको देखाउँछ।

१६. गरिबी मापन गर्दा गरिबीको अवस्था र घरपरिवारको सुविधामा रहेको पहुँचबीच सकारात्मक सम्बन्ध रहेको देखिन्छ । घरपरिवारमा सुविधाको पहुँच जति टाढाको दुरीमा रहेको छ, गरिबीको दर कम्तिमा पनि १.५ गुणाले बढ्दै गएको देखिन्छ । ३० मिनेटभित्र सार्वजनिक सेवाका सुविधामा पहुँच र गरिबीको अवस्थालाई हेर्दा, उक्त समयमा नजिकको सुविधामा पहुँच हुने घरपरिवार औसत गरिबीभन्दा कम रहेको सर्वेक्षणले देखाएको छ । सर्वेक्षणले बाल विकास केन्द्र, आधारभूत विद्यालय (कक्षा १ देखि ८ सम्म), माध्यमिक विद्यालय, सरकारी अस्पताल, मूल बजार, बैंक/वित्तीय संस्था जस्ता सुविधामा पहुँच भएका घरपरिवारहरुको गरिबीको दर तुलनात्मक रुपमा कम भएको देखिएको छ ।

१७. यस सर्वेक्षणको विस्तृत तथ्याङ्कीय प्रतिवेदन (Statistical Report) र प्राविधिक प्रतिवेदन (Technical Report) यथाशिघ्र प्रकाशन गर्ने कार्यक्रम रहेको छ ।

१८. विगतमा जस्तै यस सर्वेक्षणवाट प्राप्त नतिजाहरु तथा पछिल्लो जनगणनाबाट प्राप्त नतिजाहरुकोआधारमा स्थानीय तहसम्मका गरिबीका दरहरु अनुमान गरी यस कार्यालयबाट आगामी दिनमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ ।

थप जानकारीका लागि:

प्रवक्ता डा. हेमराज रेग्मी
(उपप्रमुख तथ्याङ्क अधिकारी)
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
**२९ माघ, २०८०, काठमाडौं**